# मनराशिसवा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी
मधेश प्रदेश, नेपाल

प.सं. : २०८१।०८२
च.नं. :

## कानूनी परामर्श सेवा खरिद सम्बन्धी सूचना !

(प्रथम पटक सूचना प्रकाशित मितिः२०८२।०३।१६ गते)

मनराशिसवा नगरपालिकाले स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ (१) र (२) अन्तर्गत न्यायिक समितीले विवादको निरुपण गर्ने विषयहरु, नगरपालिकाको कार्यालय स्यवं पक्ष/बिपक्ष भई गर्नु पर्ने मुद्दा सम्बन्धि कार्यहरुमा परामर्श, मुद्दा लेखन तथा सम्बन्धित निकायमा उपस्थित भई नगरपालिका कार्यालयको तर्फबाट बहस पैरवी (कानूनी प्रतिरक्षा) गर्न आर्थिक वर्ष २०८२।०८३ को लागि कानूनी परामर्श सेवा खरिद गर्न लागेकोले सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली,२०६४ वमोजिम योग्यता पुगेका ईच्छुक व्यक्ति, फर्म वा संस्थाहरुले सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र यस नगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

### आवश्यक कागजातहरुः

क) संस्थाको हकमाः
१ निवेदन
२. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि
३. संस्था नविकरणको प्रमाणपत्रको प्रतिलिपि
४. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि
५ स्थायी लेखा नम्वरको प्रमाणपत्रको प्रतिलिपि
६. कानूनी परामर्श दिने विशेषज्ञ व्यक्तिको व्यक्तिगत विवरण
७. विशेषज्ञ व्यक्तिको कानून व्यवसायी परिषद्मा आवद्धताको प्रमाणपत्र

ख) व्यक्तिको हकमाः
१ निवेदन
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. स्थायी लेखा नम्वरको प्रमाणपत्रको प्रतिलिपि
४ कानून व्यवसायी परिषदमा आवद्वताको प्रमाणपत्र
५ विशेषज्ञ व्यक्तिको व्यक्तिगत विवरण

### छनौट भएको संस्था वा व्यक्तिको कार्य विवरणः

- न्यायिक समितिलाई कानूनी सल्लाह दिने,
- न्यायिक समितिको इजलासमा सहजिकरण गर्ने,
- कानून निर्माणमा सहयोग गर्ने,
- नगरपालिकाको राजपत्र प्रकाशनमा कानूनी सहयोग गर्ने,
- नगरपालिकामा सूचिकृत मेलमिलाप कर्ताहरुको क्षमता अभिवृद्धिमा सहयोग गर्ने,
- नगरपालिकाको कार्यालय स्यवं पक्ष/बिपक्ष भई गर्नु पर्ने मुद्दा सम्बन्धि कार्यहरुमा परामर्श, मुद्दा लेखन तथा सम्बन्धित निकायमा उपस्थित भई कार्यालयको तर्फबाट बहस पैरवी (कानूनी प्रतिरक्षा) गर्ने,
- द्विपक्षिय सम्झौतामा उल्लेख भए वमोजिम अन्य कार्यहरु गर्ने।

०८।०३।१६

राजेश कुमार शर्मा
प्रमुख प्रशासकीय अधिकृत